# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 5 Monthly International Edition of Herald of His Coming May 2018
वर्ष १९, अङ्क ५ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (जेठ, २०७५)

# तपाईंको विश्वास योग्यता नै ठूलो हो
## Great is Thy Faithfulness

**Rich Carmicheal**

Vol. 76 No. 11 (911)

प्रभुको सबैभन्दा ठूलो प्रकृतिक स्वभाव भनेकै विश्वास योग्यता हो, उहाँ सधैं नम्र हुनुहुन्थ्यो, उहाँ पितामा भरपर्ने व्यक्ति हुनुहुन्थ्यो र विश्वासयोग्य हुनुहुन्थ्यो । विश्वासयोग्यता भनेको साधारण ऊ को हो र उसले के गऱ्यो भन्ने बुझिन्छ । यदि कि, "हामी अविश्वासी छौ भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ किन कि उहाँले आफैंलाई इन्कार गर्न सक्नुहुन्न ।" (२ तिमोथी २ : १३)

बाइबलले हामीलाई यो शिक्षा दिन्छ कि, विश्वासयोग्यता उहाँमा मात्र छ । उहाँ शक्तिशाली हुनुहुन्छ, उहाँको विश्वसतता उहाँको चारैतिर छ । ( भजनसंग्रह ८९ : ८) र उहाँको कार्य र शब्दहरू विश्वासयोग्य छन् (प्रकाश २१:५) उहाँको विश्वसनप्यता आकाशसम्मै फैलिएको छ । (भजनसंग्रह ३६:५) उहाँको विश्वसनियता स्वर्गसम्म स्थिर गर्नुभएको छ । (भजनसंग्रह ८९:२) र हजारौं हजार पुस्तासम्म फैलाउनु भएको छ (भजनसंग्रह ११९:९०) उहाँको विश्वासनियता येशूको जीवनबाट पनि देख्न सक्छौ "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरू जस्तै बनाइनु पऱ्यो र मानिसहरूका पापको प्रायस्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पुजारी बन्नुभयो ।" (हिब्रू २:१७) "मैले स्वर्ग उघ्रेको देखेर त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने विश्वासयोग्य र सत्य कहलाइनु हुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ ।" (प्रकाश १९:११) विश्वासयोग्य भनेको "उहाँको पेटी धार्मिकता हुनेछ र उहाँको कम्मरको पटुका सत्यता हुनेछ । (यशैया ११:५) र उहाँ परमेश्वरको घरमा सत्य हुनुहुन्छ । (हिब्रू ३:६)

**तपाईं उहाँलाई विश्वास गर्न सक्नुहुन्छ,** किनकि प्रभु विश्वासयोग्य हुनुहुन्छ, त्यसैले तपाईं उहाँलाई पूर्णरूपले विश्वास गर्न सक्नुहुन्छ । उहाँ आफ्ना प्रतिज्ञा पूरा गर्नु हुनुहुन्छ । तपाईं उहाँलाई हेर्न सक्नुहुन्छ । आजको दिनहरूमा यी कुराको खोजी भई रहेको छ । यी कुराको महसुस गरिरहेका छन् कि ख्रीष्ट सत्य हुनुहुन्छ उहाँको कार्य सत्य थियो । उहाँको सेवा अति नै विश्वासयोग्य थियो । केही उदाहरणहरू हामी तल हेर्न सक्छौं-

- उहाँले परीक्षाबाट उम्कन सहायता गर्नु हुन्छ- "मानिसलाई आईपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौं । तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई, तिमीहरूका शक्ति देखी बाहिरका परीक्षामा पर्न दिनुहुने छैन । तर तिमीहरूले सहन सकून् भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ । यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौं ।" (१ कोरिन्थी १०:१३) "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरू जस्तै बनाइनुपऱ्यो र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पुजारी बन्नुभयो । किनकि उहाँ आफैंले कष्ट भोग्नुभयो र परिक्षित हुनुभयो यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।" (हिब्रू २:१७-१८)

- उहाँले हाम्रा पापलाई क्षमा दिनुहुन्छ - “यदि हामीले आफ्ना पाप स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नु हुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।” (१ यूहन्ना १:९)
- उहाँले हामीलाई पवित्र बनाउनुहुन्छ - “शान्तिका परमेश्वर आफैंले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याउन र तिमीहरूका समस्त आत्मा, प्राण र शरिर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून् । तिमीहरूलाई बोलाउनु हुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ ।” (१ थिस्लोनिकी ५:२३-२४)
- उहाँले असम्भवलाई सम्भव तुल्याउनुहुन्छ - “विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन् । किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन् ।” (हिब्रू ११:११)
- उहाँले हामीलाई बचाउनु हुन्छ - “उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नु हुनेछ र उहाँका प्वाँखमुनि तिमीले शरण पाउने छौं । उहाँको विश्वासनियता तिम्रो ढाल र पर्खाल हुनेछ ।” (भजनसंग्रह ९१:४)
- उहाँले हामीलाई स्थिर र धैर्य बनाउनु हुन्छ - “तर प्रभु त विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरूलाई स्थिर गराउनु हुनेछ र दुष्टबाट सुरक्षित राख्नु हुनेछ । हामी जुन कुराको आज्ञा दिन्छौं, ती तिमीहरू गरिरहेछौं र गर्नेछौं भन्ने हामीले तिमीहरूका बारेमा प्रभुमा भरोसा राखेका छौं । प्रभुले तिमीहरूका हृदयलाई परमेश्वरको प्रेम र ख्रीष्टको धैर्यतिर डोऱ्याउन् ।” (२ थिस्लोनिकी ३ : ३-५)
- उहाँले प्रार्थनाको उत्तर दिनुहुन्छ - “हे परमप्रभु मेरो प्रार्थना सुनिदिनुहोस्, दयाको लागि मैले गरेको पुकार सुनिदिनुहोस्, तपाईंको विश्वासनियता र धार्मिकतामा मलाई सहायता दिनुहोस् ।” (भजनसंग्रह १४३:१)
- उहाँले दु:ख कष्टमा सहायता गर्नुहुन्छ- “प्रिय हो तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरू माथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर तर ख्रीष्टका कष्टभोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक । यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ । किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहिरहनुहुन्छ । ... यसकारण परमेश्वरको इच्छा बमोजिम दु:ख भोग्नेहरूले मलाई गरुन् र तिनीहरूले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ता कहाँ सुम्पुन् ।” (१ पत्रुस ४:१२-१४, १९)
- **उहाँले हामीलाई सर्वश्व सिद्धिदा आशा दिनुहुन्छ -** “तितोपन र पित्त मेरो दु:ख र फिरन्तेपनलाई सम्झन्छु । म निरन्तर तिनलाई सम्झिरहन्छु र मेरो प्राण मभित्र हतास भएको छ । तर म यो स्मरण गर्दछु त्यसैले मलाई आशा दिन्छ । परमप्रभुको महान प्रेमले गर्दा हामी भस्म भएका छैनौं उहाँका कृपाको अन्त कहिल्यै हुदैन । हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ । तपाईंको विश्वसता महान् छ । मेरो प्राणले भन्छ परमप्रभु नै सर्वस्व हुनुहुन्छ, यसैकारण म धैर्यसाथ उहाँको प्रतीक्षा गरिरहन्छु । परमप्रभुको बाटो हेर्ने, उहाँलाई खोज्नेहरूप्रति परमप्रभु कृपालु हुनुहुन्छ ।” (विलाप ३:१९-२५) “हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभइकन दह्लोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ ।” (हिब्रू ११:२३)

परमेश्वर हाम्रो निम्ति विश्वासयोग्य हुनुहुन्छ भन्ने यी विभिन्न पदहरूले कति धेरै उत्साह दिदछ । त्यसैले हाम्रो विश्वास उहाँमा पूर्णरूपले सुम्पऔं । उहाँ कहिल्यै परिवर्तन हुनुहुँदैन । उहाँले गर्नुभएका प्रतिज्ञाहरू सत्य छन् । उहाँको नाप्न नसकिने प्रेम छ । उहाँ अचम्मको शक्तिशाली हुनुहुन्छ । उहाँको शान्तीको बयान गरेर सकिदैन र उहाँको स्रोतहरू अनगिन्ती छन् । त्यसैले तपाईंले पूर्ण हृदयले विश्वास गर्न सक्नुहुन्छ र उहाँमा पनि विश्वासयोग्य बन्न सक्नुहुनेछ ।

भजन लेखकले यसरी भन्दछन्, “परमप्रभुमा भरोसा राख र भलाई गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौं । परमप्रभुमा आनन्दित होऔं र उहाँले तिम्रो मनोरथ पूरा गर्नुहुनेछ । आफ्ना मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ । उहाँले तिम्रा धार्मिकता प्रतापझैं ज्योति समान र तिम्रो माथिलाको न्याय मध्यदिनको सूर्य समान पार्नु हुनेछ ।” (भजनसंग्रह ३७ : ३-६)

# हामी बिन्ती गर्छौं- प्रभु आउनुहोस्

## We Beseech you- come down, Lord

**By Roger Ellsworth**

Vol. 76 No. 12 (912)

"हे परमप्रभु ज्याद क्रोधित हुनुहोस्, हाम्रा पापहरू सधैंभरि संक्षिप्त नरहनु होस् । विन्ती छ, हामी माथि निगाहा रहोस्, किनकि हामी सबै तपाईंकै प्रजा हौं ।" (यशैया ६४ : ९)

हामीलाई थाहा छ, धेरै ख्रीष्टियनहरूले प्रार्थनालाई त्यति महत्व दिँदैनन् । तिनीहरूले सम्झन्छन् कि यो काम त हामीले गर्ने हो । प्रभुले गर्ने काम उहाँकै हो भनेर हल्का लिएका हुन्छन् । उनीहरूले परमेश्वर आफ्नो इच्छामा काम गर्ने व्यक्ति हो भनेर बुझेका हुन्छन् । उहाँले हाम्रा बिन्तीलाई सुन्नु हुँदैन भन्ने सोचेका हुन्छन् ।

तर बाइबलले हामीलाई राम्रोसँग बताउँदछ कि समस्या परमेश्वरमा होइन । परमेश्वरस्त हामीलाई उत्तर दिनलाई तड्पिरहनु भएको हुन्छ । भजनसंग्रहका लेखकले भन्दछन्, "परमप्रभुलाई पुकार गर्नेहरू सबैका नजिक उहाँ हुनुहुन्छ । सबैका नजिक जस-जसले उहाँलाई सत्यतामा पुकार्दछन् । उहाँको भय मान्नेहरू सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ, उहाँले तिनीहरूका पुकार सुन्नुहुन्छ र तिनीहरूलाई बचाउनु हुन्छ ।" ( भजनसंग्रह १४५ : १८-१९)

समस्या प्रभुसँग होइन, तर त्यहा हाम्रो प्रार्थनामा केही समस्या भएको हुन सक्छ । भजनसंग्रह लेखकले भनेको कुरालाई ख्याल गर्नुहोस्, कस्तो शर्तमा परमेश्वर हामीसँग हुनुहुन्छ । यदि हामीले उहाँलाई सत्यतामा पुकार गऱ्यौ भने उहाँ हामीसँग हुनुहुनेछ । यदि हामीले उहाँको शर्तलाई पूरा गरेनौ भने उहाँ हामीसँग आउनु हुँदैन र प्रार्थना पनि सुन्नु हुँदैन ।

यदि हामीले परमेश्वरले हाम्रो प्रार्थना सुनेर उत्तर दिनुभएको होस् भन्ने चाहना राख्छौं भने हामीले उहाँको इच्छाअनुसार प्रार्थना गर्नु पर्छ र अवश्य सुन्नुहुन्छ । उहाँले हाम्रा सबै पाप क्षमा गर्नुहुन्छ र प्रार्थनाको उत्तरमा उहाँ हुनुहुनेछ । त्यसैले हामीले प्रार्थना गर्न सिक्नुपर्छ । यशैयाले उदाहरणमय र सत्य प्रार्थना हाम्रो निम्ती गरेको पाउँदछौं । उनले तीन शब्दमा सबै प्रार्थनाको भन्दछन् "हामी बिन्ती गरौं" आउनुहोस् यो शब्दलाई हेरौं-

**तिव्र इच्छा राख्नु -** शब्द बिन्ती भनेको सबैभन्दा गहकिलो शब्द हो यो माग्नुभन्दा बढी गहन छ । बिन्ती भनेको व्यक्तिगत सम्बन्ध हुन्छ, यो शब्द यति सजिलोसँग प्रयोगमा ल्याउन मिल्दैन । यशैयाले प्रार्थनाको स्वभावलाई अंकित गरेका छन् । उनले यसलाई परमेश्वरसँगबाट एक्लै सम्बन्ध राख्नु भन्ने अंकित गर्दछन् । प्रार्थना भनेको नम्र हुनुभन्दा धेरैमाथि हो । यो परमेश्वरलाई समातिरहनु हो । परमेश्वरलाई समाती रहनु भनेको के हो त ? यो उहाँको प्रतिज्ञालाई उहाँकै अगाडि ल्याउनु हो र उहाँलाई हाम्रो प्रार्थनाको उत्तर दिन बाध्य बनाउनु हो । त्यहाँ अरू पनि छ कि, उहाँमा आउनु तब याद गर्नुहोस् कि हामी उहाँमा नरहेसम्म हामीले उहाँलाई प्रार्थनामा रिझाउन सकिँदैन ।

बाइबल अनुसार हेनुहोस् र थाहा पाउनु हुनेछ कि परमेश्वरसँग गरिने वार्तालाप जसले उहाँलाई हेरिरहेका हुन्छन् । बाइबलमा शमूएलको पुस्तकमा हामीले हेर्न सक्छौं कसरी हन्नाले परमेश्वरलाई आफ्नो प्रार्थनाको उत्तर दिन बाध्य बनाई (१ शमूएल १:९-१८) कसरी नहेम्याह आफ्नो जातिको निम्ति प्रार्थना गरे (नहेम्याह १:४-११) र महान् मोशाको प्रार्थना (प्रस्थान ३३:१२-२३)

यहाँ कसरी भजन लेखकले प्रस्तुत गर्दछन्, "जसरी हरिणले खोलाको पानीको पानीको तृष्णा गर्दछ, त्यसरी नै हे परमेश्वर, मेरो प्राणले तपाईंको तृणा गर्दछ । मेरो प्राण परमेश्वरको निम्ति, जीवित परमेश्वरको निम्ति तिर्खाउँदछ म कहिले गएर परमेश्वरलाई भेटुँ ?" (भजनसंग्रह ४२ : १-२) पछि फेरि भन्दछन्, "परमप्रभुको मन्दिरको निम्ति मेरो प्राण इच्छुक छ र मूर्छे पनि पर्छ । मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ ।" (भजनसंग्रह ८४:२)

साँच्चै नै हामीले किन प्रार्थनाको उत्तर पाउदैनौं ? भनेर जान्न चाहन्छौं । हामी कतिलाई साच्चै तिव्र इच्छा राखेर गरेको प्रार्थना के हो थाहा छ ? हामीले जागृतिको मुख्य इच्छा थाहा गर्नुपर्छ । यशैयाको प्रार्थना पनि यही हो । किन परमेश्वरका मानिसहरूका बीचमा यस्तो प्रकारको प्रार्थनाको अभाव देखिन्छ ? हामीले परमेश्वरको कार्य हाम्रो जीवनमा नभएको चाहने पनि होइनौ ? हामी सबैले परमेश्वरबाट हाम्रो प्रार्थनाको उत्तर पाउन चाहन्छौ तर हाम्रो प्रार्थना त्यसरी परमेश्वरको इच्छा अनुसारको गरिरहेका हुँदैनौ ।

धेरै वर्षदेखि परमेश्वरका छोराछोरीले जागृति चाहन्छ । यो समय हामीले गल्ति गरेका छौं भनेर बस्ने समय होइन । यो समय भनेको हामी ख्रीष्टमा तयारी भएर खेतमा खेती गर्न जाने समय हो । हामीले परमेश्वरले गर्नुभएको होस् भन्ने चाहना त राख्छौं तर तुरुन्त होइन, आफ्नो समयमा

गर्नुहोस् भन्दछौं, त्यसले हाम्रो जीवन जोखिममा भए पनि परमेश्वरसँगै तुरुन्त उत्तर पाउने गरेर बिन्ती चढाइनु पर्छ ।

हामी मध्ये को होला, तीव्र जागृति भएको नचाहने ? यो हाम्रो आवश्यकताअनुसार र हाम्रो कार्यअनुसार हुन्छ । यो नै यशैयाको पूर्ण इच्छा थियो । उनले राष्ट्रलाई हेरे र के गरिरहेछन् सबै इस्राएलीहरूका निम्ति परमेश्वरको हृदय उनीहरूबाट टाढा गएको देख्दछन्, हामीलाई थाहा छ कि आज हाम्रो समाजमा पनि असल कुरा मन पराउने कम्ती हुन्छ र धेरैले खराबलाई नै अँगालिरहेका हुन्छन् । विभिन्न किसिमका नकारात्मक कुरामा लागिरहेका हुन्छन् । त्यो समाजमा घटेका घटनासँग खीष्टियनहरू पनि फसिरहेका छन्, जब हामीले हाम्रा मण्डलीमा यस्ता प्रकारका अस्वभाविक कुरीतिहरू देख्छौं । हामीले हाम्रा मण्डली र विश्वासीहरूलाई टाढा राख्नुपर्छ । हामी हाम्रो परमेश्वरले हाम्रो जीवनमा ठूलो काम गर्नुभएको होस् भन्ने चाहन्छौ तर समर्पित हुन चाहदैनौं । भक्तिसहितको प्रार्थना गरेर जोखिम उठाउन चाहदैनौं ।

काहाँबाट यस्तो जागृति आउदछ ? यो हामीले कसरी उहाँलाई हेरेका छौं, त्यसैमा भर पर्दछ । यशैयाले भनेको पनि यही हो । उनले राष्ट्रलाई हेरे र राष्ट्रले के गरेको छ नियाले । उनले आफैंलाई पनि विचार गरे र समाजले परमेश्वरको अगाडि के गरेको विचार गरे । विभिन्न किसिमका नकारात्मक कामहरू घटेको देखे । विशेष जो परमेश्वरका जनहरू हुन उनीहरूलाई विभिन्न प्रकारको जागृतिको आवश्यकता भएको देखे । जब हामी हाम्रा सबै समस्याहरू झन जटिल हुँदै गएको देख्दछौ, तब मण्डलीमा यस्तो विशेष असर पारेको हुन्छ । यस्ता प्रकारका समस्यालाई समाधान गर्नु र मानिसलाई सजिलो महसुस गराउनुलाई र आत्मामा सन्तुष्टि महसुस हुन दिनुलाई हामी जागृति भन्दछौं । हामीलाई थाहा छ कि हामी उहाँको अनुग्रहलाई वेवास्ता गरेयौ भने न्याय आउँदछ, तर पनि हामी अधर्मी काम गर्न खुसी हुँन्छौं ।

तर याहाँ दोस्रो साँचो प्रार्थना गर्ने तरिका छ, जसबाट हामी आफैंले आफैंलाई जाँच गर्न सक्छौं ।

**हृदयको नम्रता -** यशैयाले भन्दछन् "हाम्रो विनम्र विन्ती छ" यदि कोही एकदमै आवश्यकतामा परेको छ अब उसको कुनै उपाय छैन, ऊ अब शक्तिहीन भएको छ । ऊ अब पूर्णरूपमा अरूमा भर पर्नु परेको छ । अब यस्तो अवस्थामा पूर्णरूपले समर्पित भएर उसको सहमता र गुहार माग्नुलाई हृदयको नम्रता वा भक्ति साथ माग्नु त्यो त हामीले अरू कसैसँग गर्न सकिदैन केवल परमप्रभु परमेश्वरसँग मात्र हो ।

नम्रता भनेको पूर्णरुपमा आफूलाई नाङ्गो पाउन हो वा उहाँमा पूर्णरूपले रित्तिनु हो । जसरी यशैयाले आफ्नो प्रार्थनामा गरे । परमेश्वरले स्वर्गबाट हेर्नुहोस् र उच्च र महिमित सिंहासनबाट तलदृष्टि गर्नुहोस् ( यशैया ६३:१५) यसले हामीलाई यही सिकाउँदछ कि यशैयालाई प्रभुको महानता राम्ररी थाहा छ र मानिसको अयोग्यता पनि थाहा छ भन्ने आफ्ना पाप स्वीकार गर्दै परमेश्वरलाई आफूतिर खिचेका छन्-

साँचो प्रार्थना भनेको नम्रताको प्रार्थना हो । बाइबलले हामीलाई यसरी भन्दछ "किनकि रगतको बदला लिनुहुनेले सम्झना गर्नुहुन्छ । संकटमा परेकाहरूको पुकारलाई उहाँले बेवास्ता गर्नुहुन्न ।" (भजनसंग्रह ९ : १२) फेरि यसरी भन्दछ "परमप्रभु अति उच्चमा विराजमान हुनु भए तापनि उहाँले नम्रहरू माथि दृष्टि गर्नुहुन्छ, तर अहङ्कारीहरूलाई उहाँले टाढैबाट चिन्नुहुन्छ ।" (भजनसंग्रह १३८:६) त्यसैले जागृति नम्रहरूको बीचमा मात्र आउँदछ । हामी सबैलाई थाहा भएको बाइबलको सबैभन्दा उत्कृष्ट पद "यदि मेरो आफ्नै नाउँ दिएको मेरो प्रजाले आफैंलाई नम्र पारेर प्रार्थना गर्दछ र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूको पाप क्षमा गर्नेछु र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु ।" (२ इतिहास ७:१४)

डरलाग्दो कुरा मानिसहरूले अहिले आत्मिक कुराको वेवास्था गरिरहेका छन् र परमेश्वरको नजिक हुन चाहन्छन् तर यो असम्भव छ । कोही कोही प्रभुले उहाँहरूको जीवनमा के गर्नुभएको छ, त्यसको आधारमा वृद्धि भएको पाउदँछौं र कोही परमेश्वरले भन्दा मनै धेरै गर्न सक्छु भनि घमण्ड गरेका हुन्छन् । यस्ता प्रकारका प्रार्थनाहरू हामीले प्रसस्त देख्न पाउदछौं कि, प्रभु धन्यवाद आज मलाई शान्त समयमा आफ्नो आवाज दिनु भयो । यति धन्यवाद मात्र दिएर पुग्दैन कि परमेश्वरले आज तपाईंलाई दिनुभएको वचनको लागि त्यसलाई हामीले हाम्रो जीवनमा उतार्नु पर्छ र अरूलाइ पनि सुनाउनु पर्छ यदि हामीले शान्त समयमा परमेश्वरबाट केही पनि पाउन सकेनौं तर अरूलाई यो त्यो भनेर देखायौ भने हामी येशूको समयमा भएका फारिसी जस्तै हुन्छौं । त्यसैले यदि परमेश्वरले शान्त समयमा तपाईंलाई बोल्नुभयो भने साँचो प्रकारले तपाईंको जीवन परिवर्तन हुन्छ र तपाईंले आफ्नो जीवनमा फल फलाउनु भएको देख्नु हुन्छ, त्यहाँबाट प्रमाण गर्नुहुन्छ । पवित्रतामा परमेश्वरले हामीमा राज्य गर्नुहुन्छ ।

जब यशैयाले प्रभुलाई देखे, "उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनु भएको देखे । उहाँको वस्तुको छेउले मन्दिरै ढाकेको थियो । मैले भने धिक्कार म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ र अशुद्ध ओठ भएका मानिसहरूको बीचमा म बस्दछु र मैले मेरा आँखाले सर्वशक्तिमान

परमप्रभु महाराजधिराजलाई देखेको छु।" (यशैया ६:१,५) यसले हामीलाई तेस्रो प्रकारको साँचो प्रार्थना के हो त भन्नेमा लैजान्छ।

**प्रार्थनाको उद्देश्य -** यदि हामी साच्चै नै प्रार्थना गर्न तड्पेका छौँ भने र साँच्चै नै हामीले हृदयको अन्तरबिन्ती गर्न चाहन्छौँ भने हामीले कुनै पनि हालतमा बीचमा प्रार्थना गर्न छोड्दैनौं। साँचो प्रार्थना भनेको तुरुन्त उत्तर पाउने प्रकारको हुन्छ। येशूले धेरै पटक मानिसको आवश्यकताको अनुसार प्रार्थना गर्नुभयो। लूकाले एउटा उखान बताएका छन जुन येशूले चेला प्रार्थनामा निरन्तर लागुन् भनेर भन्नु भयो "तिनीहरू सधैं प्रार्थना गरिरहुन् र निरास नहोऊन भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो।" (लूका १८:१) यहाँ एउटी स्त्रीले कठोर हृदय भएकी न्यायाधिशलाई कोमल हृदय बनाउन बाध्य बनाएकी छन्। यो महिलासँग केही समस्या थियो, त्यो समस्या न्यायाधीशले समाधान गरिदिओस् भन्ने उनले चाहान्थिन्, त्यो न्यायधिशले यो काम गर्न खुसी थिएन। तर त्यो स्त्री लगातार जान छोडिनन्। उनी घरिघरि गएको गई गरेर वाक्क बनाइन् र अन्तमा यो न्याधिसले यो स्त्रीको बारेमा बोल्न बाध्य भएर उनको केसको फैसला गरिदिए। (लूका १८:१-८)

परमेश्वर त्यस्तो हुनुहुन्न। परमेश्वरले हाम्रो सम्पूर्ण आवश्यकतालाई देख्नुहुन्छ र छिट्टो उत्तर पनि दिनुहुन्छ त्यस्तो निर्दयी न्यायाधीशको त मन पग्ल्यो भने हाम्रो कोमल हृदय भएको परमेश्वरको के हृदय पगाल्न सक्दैनौ र ? त्यसकारण परमेश्वरलाई हाम्रो प्रार्थनाको उत्तरको आशा राख्ने हो भने हामीले उहाँमा लगातार लागिरहनु पर्छ। यदि हामीले उहाँमा रहेर प्रार्थना गरे, ऊ भने उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ हामीले प्रार्थना गर्नुको उद्देश्य यही कि उहाँको मन हामीतिर फर्काउनु हुन्छ। यशैयाले आफ्ना जातिको निम्ति म चुपचाप बस्ने छैन भन्दछ र उनले यसो पनि भन्दछन् कि जबसम्म हाम्रो देशमा आफ्नो आशिष पठाउनु हुन्न तबसम्म म उहाँलाई चुपचाप बस्न दिने छैन (यशैया ६२:१, ६, ७) जब हामी परमेश्वरविना बाँच्न सक्दैनौं भनेर सोच्छौ, तब हाम्रो प्रार्थना यशैयाको जस्तो हुन्छ परमेश्वरलाई विश्राम गर्न नदिने प्रकारको हुन्छ।

यो परमेश्वरलाई दोष लगाउने समय होइन कि उहाँले हाम्रो प्रार्थनाको उत्तर दिनुभएन भनेर तर यो समय भनेको निरन्तर प्रार्थनामा लाग्ने र परमेश्वरसँग समय बिताउने उहाँको आवाज सुन्ने उहाँलाई हेरिरहने। आफूले आफूलाई नम्र बनाउने र प्रार्थना गर्ने समय हो। परमेश्वरको शक्ति दिन आफूले काम गर्ने समय होइन, यो समय उहाँको अगुवाइमा मानिसहरूलाई उहाँकहाँ लिएर प्रार्थनामा निरन्तर लागेर यो देशलाई परिवर्तन गर्नु र यो देशका मानिसको हृदयलाई परिवर्तन गर्नुपरेको छ। जसरी परमेश्वरले यशैयाको समयमा काम गर्नुभयो, त्यही परमेश्वर आज पनि उहाँको वचनअनुसार हुनुहुन्छ, त्यसैले उहाँले यो राज्य र मानिसको बीचमा ठूलो जागृति ल्याउनु हुन्छ। आशा गरौं र उहाँमा निरन्तर बिन्ती गरौं।

# प्रभुको आगमनको निम्ति के तपाईं तयार हुनुहुन्छ ?

## Are You Ready For The Coming of the Lord?

**By W.C. Moore**

Vol. 76 No. 11 (911) मानिसहरू प्रभुको आगमनको निम्ति कति तयार छन् र आज तपाईं हामीलाई यो पाठले सचेत गराउँदैछ। ख्रीष्टले भन्नुभयो, "यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउने छन्।" (मत्ती २४:४४)

**के म तयार छु ?** : तयारी भन्नाले उहाँको आगमनको निम्ति लगातार विश्वासयोग्य भएर पर्खनु

हो। कसैले भन्दछन्- म तयार छैन तर म भन्दछु कि ढिलो हुनु अगाडि नै तयार हुनुहोस्। साँचो ख्रीष्टियनमात्र पूर्ण तयारमा रहन सक्छ। जस्तैसुकै परीक्षामा पनि ऊ तयारी रहन सक्दछ। उहाँले कुनै नपत्याउने र असत्य कुरा भन्नुभएको होइन। उहाँ मण्डलीको शिर हुनुहुन्छ (एफिसी ५:२३) उहाँ हाम्रो प्रभु र मालिक हुनुहुन्छ। उहाँलाई आफूले के भन्दैछु भन्ने राम्ररी थाहा छ। जस्तोसुकै ठूलो वा सानो पर्खाल भए पनि आत्मा र शरीरको बीचमा भए पनि उहाँले समाधान गरिदिनुहुन्छ। तपाईं र संसारको बीचमा भएको हरेक सबै थोकलाई एकै समयमा समाधान गरिदिनु हुन्छ। यदि तपाईंले आफूलाई विजयी भएको महसुस गर्नु भएको छैन भने प्रार्थना गर्नुहोस् र पर्खनुहोस् कि तपाईंलाई थाहा हुन्छ कि म उहाँको आगमनलाई पर्खिरहेको छु भन्ने।

**कुनै किसिमको दोष विना :** यदि तपाईंको हृदयले केही न केही कुरालाई दोष्याउँछ भने हामी जान्दछौं कि परमेश्वर हाम्रो हृदयभन्दा ठूलो र महान् हुनुहुन्छ (१ यूहन्ना ९ : १९-२४) आराम नलिनुहोस्, दोधारमा नहुनुहोस्, नसुस्ताउनुहोस्, तर प्रभुको आगमनको निम्ति उपवास र प्रार्थना गर्दै तयारी रहनुहोस्। हामी तयार रहँदा ख्रीष्टले दोष्याउनु नपरोस्, तयारी रहनलाई र ख्रीष्टबाट दोषरहित हुनलाई खडा नभएर शुद्ध जीवन जीउनु भनेको समाजमा असल जीवन देखाउनु र रहनु पनि त्यतिकै आवश्यक छ। हामी अनुगृहमा बढ्दै जानुपर्छ र लगातार इमान्दार बन्नु पर्दछ। पापदेखी सधैँ

टाढा रहनु पर्दछ । (पढ्नुहोस्, गलाती ५:१६, १ यूहन्ना ३: २-३, रोमी ८:१)

हामी सँधै परमेश्वरले दिनुभएको मुकुटलाई निशाना बनाएर लगातार लागिरहनु पर्दछ (फिलिप्पी ३:१४) पावलले हाम्रो दैनिक कृयाकलापलाई विशेष जोड दिन्छन् । परमेश्वरले उहाँको अगाडि हाम्रो जीवन सधैँ नम्र भएर जीएको चाहानुहुन्छ ।

चार्ल्स जी फिन्नीले पवित्र आत्मा पाउनु अघि कसैले आफ्नो पापको दोषी देखाइ दिइरहेको पत्ता लगाएका थिए । कहिलेकाहीँ उनले यो शक्ति हराएको पाउदछन् । कहिलेकाहीँ उनले परमेश्वरको आत्मा र शारीरिक आत्माको बीचमा दोन्द भइरहेको पाउँदछन् परमेश्वरको आत्माको विरुद्धमा शारीरिक आत्मा उठीरहेको भेट्टाउँदछन् ।

यदि हामीले हाम्रा आफ्ना इच्छा र अभिलाषालाई परमेश्वरको विरुद्धमा खडा हुँदा तर्काउन सकेनौं भने यसले हाम्रो निम्ति पर्खाल बनिदिन्छ र कसरी हामीले अरूलाई असल जीवन देखाउन सक्छौँ । यदि हाम्रो जीवन नै पवित्र छैन भने कसरी अरूलाई पवित्र जीवन जीउनु पर्छ भनी सिकाउन सक्छौँ ? यदि म आफ्नो जिब्रोलाई वशमा राख्न सक्दिन भने, कसरी अरूलाई तपाईँको जिब्रोलाई वशमा राख्नुस् भनी प्रचार गर्न सक्दछु ? येशूले भन्नुभयो, "ए ढोंगी, पहिले आफ्नो आखाँबाट मुढा निकाल, तब तिम्रो भाइको आँखाबाट धुलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्ने छौ ।" (मत्ती ७:५)

### कसरी तयारी हुने ?

परमेश्वरले उहाँलाई खोजी गर्नको निम्ति तपाईँलाई आवश्यक पर्ने खाँचोहरू जुटाइदिनु हुनेछ । कहिलेकाहीँ हामी सोच्ने गर्दछौं कि हाम्रो सम्पूर्ण हृदयले चिच्याउँदा पनि उहाँले हाम्रो कुरा सुन्न भएन भनेर तर हामीले आफैँलाई कमजोर नबनाऔं । धर्मशास्त्र सत्य छ, यो कहिल्यै टलेर जानेछैन । उहाँको वचनले यसरी भन्दछ "जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउने छौ ।" (यर्मिया २९:१३) याद गर्नुहोस् बिचमा हुनेहरू परमेश्वरले तपाईँलाई विजय दिनुभएको छ (१ कोरिन्थी १५:५७) तपाईं आफैँले आफैँलाई जित्नुहोस् र पवित्र आत्माको शक्तिमा अरूलाई पनि विजयी जीवनको बारेमा प्रचार गर्नुहोस् ।

तुरही बज्नु अगाडि नै परमेश्वरका सुतेकाहरू हो उठ्नुहोस् र उनीहरूलाई पनि ख्रीष्टको विजयीको बारेमा बताउनुहोस् तयार रहो "यसकारण भाइ हो प्रभुको आगमन नहुनजेल धर्यधारण गर हेर, भूमिको बहूमूल्य फसलको आशा राखेर किसानले अघिल्लो र पछिल्लो वर्षा नहुन्जेल धर्यधारण गरेर पर्खिरहन्छ । तिमीहरूले पनि धर्यधारण गर, आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ, भाइ हो एउटाको अर्कोलाई गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिने छौ । हेर न्यायकार्ता ढोकामै हुनुहुन्छ ।" (याकूब ५:७-९) उहाँले तयारी मानिस चाहनुहुन्छ जसरी दुलाहीले दुलहालाई तयारी अवस्थामा पर्खिरहेको हुन्छिन् । "तिनीहरू किन्न जाँदा दुलाहा आइपुगे र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसेर ढोका बन्द भयो" । (मत्ती २५:१०) के तपाईं त्यसरी तयारी हुनुभएको छ ? पहिले हामी आफैं तयारी रहनलाई जोड दिदछ । (लूका २१:३४-३५) यसले हामी आफैँलाई नम्र पार्नु सिकाउछ यसले हामीलाई प्रार्थना गर्दै हेर्न सिकाउदछ (लूका २१:३६) त्यसले गर्दा हामी उहाँमा विश्वासयोग्य बन्न सक्छौं र सबै किसिमका परमेश्वरको राज्यमा बाधा आउने थोकबाट टाढा हुन सक्छौं र उहाँको आगमनमा निदोष सावित हुन सक्छौं ।

जब तपाईं परमेश्वरको निम्ति तिर्खाउनुहुन्छ उहाँलाई खोज्नुहोस् कि जबसम्म तपाईं उहाँबाट तृप्त हुनुहुन्न । यदि तपाईँले आफ्ना इच्छाहरूलाई जित्न सक्नु भएन भने तपाईं उहाँबाट तृप्त हुन सक्नुहुन्न । धर्मशास्त्रले यसरी भन्दछ "धिक्कार तिमीहरूलाई, जोसियोनमा निर्धक्क रहन्छौ, र तिमीहरूलाई जो सामरियाको डाँडामा आफू सुरक्षीत ठान्दछौ... ।" ( आमोश ६ : १) मन्तातोहरूलाई परमेश्वरले ओकेली दिनुहुन्छ (प्रकाश ३:१६-१७) आफूलाई अहम्पनामा लैजानेलाई पनि उहाँ मन पराउनु हुँदैन (यशैया ६४ : ७) याकूबले यो गरे (उत्पत्ती ३२ : २४-२८) दानिएल गरे (दानिएल ९ : ३-४) जसरी येशूले आफ्ना चेलाहरूसँग गर्नुभयो (लूका २२ : ३९-४६) यदि तपाईँले येशूसँग डराउनु भएर उहाँलाई खोज्नु भएन भने तपाईंले पाउन सक्नुहुने छैन, साँचो हृदयले उहाँको खोजी गर पक्का हामीले पाउने छौँ । यदि तपाईं साँच्चै नै उहाँमा भोकाउनु भएको छ र उहाँबाट तृप्त हुन चाहनुहुन्छ भने साँचो हृदयले उहाँलाई खोज्नुहोस्, उहाँले तपाईँको आत्मालाई पूर्ण बनाउनु हुनेछ र सन्तुष्टि तुल्याउनु हुनेछ । त्यसैले येशूले भन्नुभयो, "किनभने जससँग छ त्यसलाई अरू दिइनेछ र त्यससँग प्रसस्त हुनेछ । तर जससँग छैन, त्यससँग भएको पनि त्यसबाट खोसिनेछ ।" (मत्ती २५:२९) तर विचार गर्नुहोस् कि परमेश्वरले कसरी भन्नुभएको छ, त्यसैले यो खण्डको अगाडिको भागमा सहभागी हुने कोशिस गरे पछाडि होइन । परमेश्वरले तपाईंलाई के दिनुभएको छ त्यसलाई प्रयोगमा ल्याउनुहोस् र उहाँमा विजयी हुनुहोस् ।

**परमेश्वरमा पर्खिनु :** सबैभन्दा महत्वपूर्ण कुरा परमेश्वरमा तयारी साथ पर्खनु अति उत्तम हुन्छ - जसरी बाइबलमा मार्थाले गरिन (लूका १० : ३८-४२) परमेश्वरको पूर्णतामा उहाँलाई पर्खदा उहाँको शक्ति हामीमा प्रदान हुन्छ (यशैया ४० : २९-३१ भजनसङ्ग्रह २७ : १४) जीवन दिनु हुने उहाँ नै हुनुहुन्छ (यूहन्ना ६ : १३) परमेश्वरको

राज्यको निम्ति हामीले गरेको कार्यलाई हामीले नोक्सान पुऱ्याएका हुन्छौं । यदि हामी उहाँमा समर्पित छौ भने हामीलाई बाधा ल्याउने सम्पूर्ण थोकलाई इन्कार गर्दै लागि पर्दछौं र उहाँको मिठास उहाँको शक्ति र उहाँको बुद्धिलाई हाम्रो जीवनबाट प्रकट गर्दछौं ।

**सबै कुरा प्रभुमा हुन्छ** : "जे गर्छौ ती सबै प्रेममा गरिएका होऊन्" १ कोरिन्थी १६ : १४) यदि हामीले गरेका कार्य प्रेममा छैनन् भने परमेश्वरमा पश्चाताप गराई हाम्रो बोलीमा प्रेम होस्, प्रार्थनामा प्रेम होस् हाम्रो सोचाइमा प्रेम होस् । हाम्रो व्यस्तताको कारण परमेश्वरको कार्य गर्दा प्रेम नपुग्न सक्छ । यदि हामीले उहाँलाई हेर्दै प्रार्थना गरेका छैनौं भने र उहाँको आज्ञामा आज्ञाकारी भएका छैनौं भने उहाँसँग शक्ति मागौं उहाँले दिनुहुन्छ । सबै हाम्रा पुरानो मनुष्यत्वलाई त्यागेर खीष्टमा नयाँ हुँदै प्रेममा अगाडि बढौं, मात्र अन्धकारको शक्ति माथि विजयी हुन सक्छौं र हाम्रो कार्यको नतिजा सकारात्मक भएको देखिन्छ । परमेश्वर हामीमध्ये यदि कोही नम्र भएर खीष्टिय जीवन जीएका छौ भने उनीहरूलाई सहायता गर्नुहोस् । १ कोरिन्थीको १३ अध्यायमा परमेश्वरको साँचो प्रेम के हो भनेर व्याख्या गरेको छ । प्रायः गरेर हामीमा खीष्टको प्रेम हुनुको अर्थ त्यो हो कि मानिसलाई खीष्टकहाँ ल्याउनु वा सुसामचार दिनु । खीष्टमा कुनै किसिमको सेखी नगरी घमण्ड नगरी, अप्ठ्यारो अवस्थामा सहनशील भएर हठी नभईकन, जिद्धी नगरी कुनै काम गर्दा पनि झर्को नमानी ठीक कुरा गर्न रमाउने हुँदै अगाडि बढ्नु पर्छ जसले हामीलाई मानिसहरू कहाँ पुग्नलाई सजिलो हुन्छ । हाम्रो आँखा सधैं त्यो केन्द्रबिन्दुमा पुऱ्याइरहनु पर्दछ । पवित्र आत्मा हामीमा राज गरिरहनु भएको हुन्छ र त्यो काम पवित्र आत्मालाई हाम्रो जीवनमा गर्न दिनु पर्छ ।

**पश्चाताप**

जब हामीले अलौकिक प्रेमलाई हाम्रो हृदयबाट र जीवनबाट हराउँदै जान्छौ । परमेश्वरको आशिषबाट टाढा हुदै गएका हुन्छौं । यो हामी कहाँबाट र के बाट भयो भनेर याद गर्नुपर्छ र पश्चाताप गर्नु पर्छ । पवित्र धर्मशास्त्रले यसरी भन्दछ, "यसकारण कहाँबाट तिमी खसेका छौ, सो तिमी सम्झ र पश्चाताप गर, अनि तिमीले पहिले गरेको काम गर नत्रता म तिमीहरू कहाँ आएर तिमीले पश्चाताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हराउने छु ।" (प्रकाश २ : ५)

हाम्रो परमेश्वरले सहायता गर्नुभएको होस् । त्यसकारण आउनुहोस्, हामीले गरेका पापलाई सम्झौं र पश्चात्ताप गरौं । कसरी पाप माथि विजय हुने भनेर सोचौं ? कसरी हामी हाम्रो आत्मालाई चोखो राख्ने भन्नेबारे सोचौं ? कसरी प्रार्थना गर्ने बारे सोचौं ? कसरी विफल भएका खीष्टियनहरूको निम्ति प्रार्थना गर्ने भन्नेबारे सोचौं ? अहिले परमेश्वरको अनुग्रह हामी माथि छ, त्यसकारण हामीले हाम्रा खीष्टमा प्रिय भाइबहिनीको निम्ति प्रार्थना गर्नको साटो कुरा काटेर बसिरहेका हुन्छौ र उनीहरूको न्याय गरिरहेका हुन्छौं । त्यसैले कतै हामीले यस्तो काममा चुकेका त छैनौं यदि हो भने आज नै पश्चाताप गरौं र परमेश्वरतिर फर्कौं । उहाँ हाम्रो साथमा सधैंभरि हुनुहुनेछ । (२ कोरिन्थी ७ : ९-११) "यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं । परमेश्वर र प्रेम हुनुहुन्छ र जो प्रेममा रहन्छ र परमेश्वर उसमा रहनुहुन्छ ।" (१ यूहन्ना ४:१६) "प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँदछ जसले प्रेम गर्छ, त्यो परमेश्वरबाट जन्मेको हो र परमेश्वरलाई चिन्दछ ।" (१ यूहन्ना ४:७)

**एक अर्कामा क्षमा दिनु :** यो यसैमा प्रकट हुन्छ, परमेश्वरका सन्तानलाई हामी क्षमा दिन सकेका छौ कि छैनौं । यसलाई साधारण नसम्झनुहोस् । "जसरी परमेश्वरले खीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्काप्रति कोमल मनका र दयालु होओ ।" (एफिसी ४ : ३२) येशूले भन्नुभयो, "अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिने छैन । अरूलाई दोषी नठहराओ र तिमीहरू दोषी ठहराइनेछैनौ । क्षमा गर र तिमीलाई क्षमा गरिनेछ ।" (लूका ६:३७) उहाँको शब्दहरू हामीलाई शक्ति हो । परमेश्वरले म आउन्जेल धैर्यताका साथ पर्खिबस (लूका १९:१३) परमेश्वर नआउनजेल उहाँको इच्छामा हिँड्नलाई कोशिस गर्नुहोस् । "यसकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ सो बुझ ।" एफिसी ५:१७) विश्वास योग्य भए र खुसीसाथ उहाँ नआउन्जेल आफ्नो काममा लागिरहनुहोस्, होइन भने बाइबलमा भने झैं धनी मानिस र गरिब लाजरसको जस्तै होला "तर अब्राहमले भने, छोरो याद गर तैंले आफ्नो जीवनकालमा असल-असल कुराहरू भोग गरिस् र त्यसैगरी लाजरसले दुःखैदुःख भोग्यो । त्यो अब त्यहाँ आराममा छ र तँ चाहिँ कष्टमा छस् ।" (लूका १६ : २५) परमेश्वरको काममा यस संसारमा सुखभोगतिर लाग्यौ भने भन्न सकिँदैन अनन्तमा के होला । त्यसैले वचनले भन्दछ कि, "पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन् ।" (मत्ती ६:३३) त्यसकारण परमेश्वरको राज्यको निम्ति उहाँको इच्छामा हिँड्दै धैर्यताका साथ उहाँको दोस्रो आगमनसम्म पर्खिरहनु पर्छ हामी सधैं उहाँको आगमनलाई तयारीको अवस्थामा रहेर पर्खिरहनु आवश्यक छ । हामी कहाँ छौं विचार गरौं ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com